महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य

Business Connect MOST CUSTOMER-CENTRIC BANK OF THE YEAR 2025 | SILVER | BPA 2018 | SAFA 2018 | L&D BFIN 2023 | ISO 9001:2015 CERTIFIED COMPANY

# महालक्ष्मी बुलेटिन

## वर्ष ६, अंक २५



## Vision दुरदृष्टि

To become "The Most Trusted Bank" to the customers, to the employees, to the stakeholders and to the regulators through the process of continuous innovation and improvement, strong corporate governance and professional work culture.

निरन्तर नविनतम खोज तथा सुधार, बलियो संस्थागत सुशासन तथा व्यवसायिक कार्य संस्कृतीको माध्यमबाट ग्राहकवर्ग, कर्मचारी, सरोकारवाला तथा नियमनकारी निकायहरु बीच सबैभन्दा विश्वासिलो बैंकको रुपमा स्थापित हुने।

## Mission मिसन

Our Mission is to offer safety of deposits & render best services to the customers, build the best place to work with, provide best & perpetual returns to the stakeholders with the strict compliance to the regulations.

नियमनकारी निकायबाट जारी नियामकीय निर्देशनको पुर्ण रुपमा अनुपालना गर्दै निक्षेपको सुरक्षण प्रदान गर्ने, ग्राहकलाई विशिष्ट सेवा प्रदान गर्ने, बैंकलाई उत्तम कार्यथलोको रुपमा विकसित गर्ने तथा शेयरधनीहरुलाई सदैव उचित प्रतिफल प्रदान गर्ने।

## Objectives उद्देश्यहरु

- Provide excellence in customer service by proactive approach.
- Sell financial products that are competitively priced.
- Continue business in an ethical, transparent and responsible manner, becoming the role model of corporate governance.
- Deliver strong financial and operational efficiency by implementing cutting edge technology.
- Continuously improve the asset quality to obtain sustainable returns.
- Apply cost effective approach to reduce operational expenses.
- Adopt professional approach in effectively managing financial as well as non-financial risks.
- Build a Centre for career growth to performing employees.
- Maximize profitability by working under the guideline of regulators and internal policies/ guideline.

- पुर्व सक्रियताको माध्यबाट ग्राहक सेवामा विशिष्टता प्रदान गर्ने।
- प्रतिस्पर्धी बजार मुल्यमा वित्तीय सेवा प्रदान गर्ने।
- व्यवसायमा नैतिकता, पारदर्शीता तथा उत्तरदायित्वलाई निरन्तर आत्मसाथ गर्दै संस्थागत सुशासनमा नमुनाको रुपमा प्रस्तुत हुने।
- अत्याधुनिक प्रविधिको प्रयोग गरी बलियो वित्तिय तथा सञ्चालन प्रभावकारिता प्रदान गर्ने।
- दिर्घकालीन प्रतिफल आर्जन गर्न सम्पत्ति गुणस्तरमा निरन्तर सुधार गर्ने।
- वित्तीय तथा गैह्र वित्तीय जोखिम प्रभावकारी रुपमा ब्यवस्थापन गर्न व्यवसायिक पद्धतीको अवलम्बन गर्ने।
- लागत प्रभावकारिताको माध्यमाबाट सञ्चालन खर्च कम गर्ने।
- कुशल कार्य प्रर्दशन गर्ने कर्मचारीहरुलाई वृत्ति विकासको लागि केन्द्र निर्माण गर्ने।
- नियमनकारी निकायहरुबाट जारी गरिएका मार्गदर्शन तथा आन्तरिक निति/मार्गदर्शन भित्र रही नाफा वृद्धि गर्ने।

## Corporate Values संस्थागत मूल्यहरु

- Customer Centric
- Respecting all forms of diversity
- Committing towards high level of ethics, governance and professionalism
- Focusing towards innovation
- Being accountable for all our actions

- ग्राहक केन्द्रित
- सबै प्रकारको विविधताको सम्मान
- नैतिकता, सुशासन तथा व्यवसायिकता प्रति उच्तम प्रतिबद्धता
- नवप्रवर्तन प्रति जोड
- हाम्रो सबै कार्य प्रति हामी सबै उत्तरदायी

# Financial Highlights

## As on Asadh End 2082

## As per Unaudited Financial Report (Amount in NPR)

| Item | Asadh 2081 | Asadh 2082 | Change |
|---|---|---|---|
| Deposit | 56.12 Arba | 56.22 Arba | 0.17% |
| Loan (NET) | 44.95 Arba | 47.21 Arba | 5.05% |
| Balance Sheet Size | 64.69 Arba | 65.16 Arba | 0.73% |
| Number of Deposit Account | 7,81,282 | 8,27,503 | 5.92% |
| Net Profit | 50.04 Crore | 50.67 Crore | 1.26% |
| NPL % | 4.07% | 4.86% | 0.79 |
| Operating Profit | 74.84 Crore | 73.99 Crore | -1.14% |
| Number of Loan Accounts | 21,282 | 19,696 | -7.45% |
| Reserve | 2.28 Arba | 2.34 Arba | 2.72% |
| Profit Before Tax | 74.25 Crore | 72.38 Crore | -2.52% |
| Net Worth Per Share | 161.68 | 166.04 | 2.70% |
| Earnings Per Share (Annualized) | 12 | 11.79 | -1.71% |
| Net Operating Income | 189.99 Crore | 193.69 Crore | 1.95% |
| Number of ATMs | 49 | 33 | -16 |
| Number of Branches | 103 | 103 | |

# महालक्ष्मी विकास बैंक लि. को ३१ औं वार्षिकोत्सवको अवसरमा विभिन्न कार्यक्रमहरु सम्पन्न

**१. महालक्ष्मी कर्पोरेट क्रिकेट लिग २०२५-संस्करण ४ सम्पन्न ।**

महालक्ष्मी विकास बैंकको ३१ औं वार्षिकोत्सवको अवसरमा आयोजित महालक्ष्मी कर्पोरेट क्रिकेट लिग २०२५-संस्करण ४ सम्पन्न भएको छ ।

२०८२ साल जेठ २१ गते बुधबार देखि २०८२ साल जेठ २४ गते शनिबार (चार दिन) सम्म काठमाण्डौंमा सम्पन्न उक्त प्रतियो गिताको उपाधि प्राईम कमर्सियल बैंक लिमिटेडले जित्न सफल भएको छ भने नबिल बैंक लिमिटेडले द्वितीय स्थान हासिल गर्न सफल भएको छ। उक्त प्रतियोगितामा विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, बीमा कम्पनीहरु, मर्चेन्ट बैंकहरु तथा लघुवित्त वित्तीय संस्थाका २४ टिमले सहभागिता जनाएका थिए। साथै उक्त प्रतिोगिताको विजेताहरुलाई पुरस्कार वितरण कार्यक्रम समेत २०८२ साल जेठ २६ गते सोमबार सम्पन्न भएको छ।

नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर श्री बम बहादुर मिश्रको प्रमुख आतिथ्यतामा काठमाडौंमा आयोजित कार्यक्रममा विजेता प्राइम कमर्सियल बैंकलाई डेपुटी गर्भनर श्री बम बहादुर मिश्र ज्यू तथा बैंकका अध्यक्ष श्री राजेश उपाध्याय ज्यूले संयुक्त रुपमा विजेता ट्रफी हस्तान्तरण गर्नुभएको हो। उक्त प्रतियोगितामा उत्कृष्ट फिल्डर नबिल बैंक लि.का अमृत चौलागाई, उत्कृष्ट विकेट-किपर नबिल बैंक लिमिटेडका विजय पारा लिम्बु, उत्कृष्ट बलर एन.एम.बी बैंकका अनिल बर्तौला, उत्कृष्ट ब्याट्सम्यान तथा उत्कृष्ट खेलाडी आइ.सि.एफ.सि.फाइनान्सका सुरज तिमिल्सिनाले जित्न सफल हुनुभएको छ।

महालक्ष्मी कर्पोरेट क्रिकेट लिग २०२५-संस्करण ४ का सम्पुर्ण प्रायोजकहरु, सहभागी सम्पुर्ण टिमहरु, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा कार्यक्रम सम्पन्न गर्न सहयोय गर्नुभएका व्यक्ति/संस्थाहरुलाई बैंकले हार्दिक आभार समेत व्यक्त गरेको छ।




महालक्ष्मी कर्पोरेट क्रिकेट लिग २०२५-संस्करण ४ को विजेता प्राईम कमर्सियल बैंक लिमिटेड ट्रफीको साथमा

## २. २० वर्ष सेवा प्रदान गरेका कर्मचारीहरुलाई एक विशेष कार्यक्रम सहित सम्मान

महालक्ष्मी विकास बैंकको ३१ औं वार्षिकोत्सवको अवसरमा २० वर्ष सेवा प्रदान गरेका कर्मचारीहरुलाई मिति २०८२ साल जेष्ठ २६ गते काठमाण्डौंमा आयोजित एक विशेष कार्यक्रमका बिच सम्मान गरिएको छ ।

बैंकमा इमान्दार, निष्ठा, समर्पण, दायित्वबोध र व्यवसायिकता साथ २० वर्ष सम्म निरन्तर रुपमा बैंकको स्थायित्व, विकास र उत्कृष्टताको यात्रामा महत्वपुर्ण सेवा तथा योगदान पुऱ्याए बापत ३६ जना कर्मचारीहरुलाई काठमाण्डौंमा आयोजित एक विशेष कार्यक्रमका बीच सम्मान गरिएको हो । विभिन्न शाखा कार्यालयहरु तथा केन्द्रीय कार्यालयमा रही सेवा प्रदान गरिरहेका उक्त कर्मचारीहरुलाई बैंकका अध्यक्ष, सचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृतले सम्मान गर्नुभएको हो । उक्त कार्यक्रममा संचालक समिति सदस्यहरु, बैंकका उच्च पदस्थ अधिकारीहरु, विभागीय प्रमुखहरु, प्रदेश प्रमुखहरु, काठमाण्डौं उपत्यकाका शाखा प्रबन्धकहरु लगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो । सम्मानित कर्मचारीहरुको ज्ञान, सीप, अनुभव र मार्गदर्शनले बैंकलाई अझ बलियो बनाउने विश्वास लिइएको छ ।




कर्मचारी सम्मान कार्यक्रमको एक झलक

## ३. रक्तदान कार्यक्रमहरु सम्पन्न

बैंकले ३१ औं वार्षिकोत्सवको अवसरमा मिति २०८२ साल जेष्ठ ६ गते देश भरका १० वटा शाखा कार्यालयहरु र बैंकको केन्द्रिय कार्यालयमा बृहत रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । शाखा कार्यालयहरु महेन्द्रनगर, टिकापुर, नेपालगंज, लमही, दमक, विराटनगर, नयाँबजार पोखरा, श्रिपुर विरगंज, भैरहवा, हेटौडा र दरबारमार्गले रक्तदान कार्यक्रम सञ्चालन गरेका थिए ।

उक्त रक्तदान कार्यक्रमहरु मार्फत ३२० पिन्ट रगत संकलन गरिएको थियो । स्वास्थ्य क्षेत्रमा चुनौतीको रुपमा रहेको रगत व्यवस्थापनमा सहजता होस् भन्ने उद्देश्यले बैंकले ३१ औं वार्षिकोत्सवको अवसर पारेर रक्तदान कार्यक्रमहरु सञ्चालन गरेको हो ।







शाखा कार्यालय दरबारबार्ग र टिकापुरले गरेको रक्तदान कार्यक्रमका केही झलकहरु

## ४. सांस्कृतिक भेषभुषा झल्काउने कार्यक्रम सम्पन्न

बैंकको ३१ औं वार्षिकोत्सवको अवसरमा बैंकले जेष्ठ ७ गते बुधबार केन्द्रिय कार्यालय, प्रादेशिक कार्यालय तथा शाखा कार्यालयहरु मार्फत देशको भौगोलिक र सांस्कृतिक अवस्थाको उजागर गर्न कर्मचारीहरुलाई स्थानीय भेषभूषा सहितको पहिरनमा उपस्थीत गराई सम्बन्धीत भेषभुषा प्रदर्शन गर्दै कार्यक्रम सम्पन्न गरेको छ। विभिन्न विभागहरु, शाखा कार्यालय तथा प्रादेशिक कार्यालयहरु बीच उक्त कार्यक्रमको फोटो प्रर्तिस्पर्धा समेत गरिएको थियो । उक्त फोटो प्रर्तिस्पर्धामा मैतीदेवी शाखा, बैंकको केन्द्रीय कर्जा विभाग र चैनपुर बझाङ्ग क्रमश पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्न सफल भएका छन् ।






फोटो प्रतिस्पर्धामा त्रमश पहिलो, दोस्रो तथा तेस्रो स्थान हासिल गर्न सफल मैतीदेवी शाखा, बैंकको केन्द्रीय कर्जा विभाग र चैनपुर बझाङ्गको फोटोहरु

## ५. निःशुल्क स्वास्थ्य शिविर तथा आँखा शिविर कार्यक्रम सम्पन्न

बैंकको ३१ औं वार्षिकोत्सवको अवसरमा बैंकले जेष्ठ ८ गते बिहिबार बैंकको केन्द्रिय कार्यालयमा निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न गरेको छ भने जेष्ठ ९ गते शुक्रबार आँखा शिविर कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रमहरुमा बैंकको केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरु, काठमाण्डौं उपत्यकामा रहेका विभिन्न शाखा कार्यालयहरुका कर्मचारीहरु, यस बैंकका विभिन्न ग्राहकहरु तथा अन्य उपस्थित व्यक्तिहरुको सहभागिता रहेको थियो ।




निःशुल्क स्वास्थ्य शिविर तथा आँखा शिविर कार्यक्रमका केही झलकहरु

## ६. वित्तीय साक्षरता सहितको प्रभातफेरी कार्यक्रम सम्पन्न

बैंकले बैंकको ३१ औं वार्षिकोत्सवको अवसरमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्ति विकास गराउने उद्धेश्यका साथ सातवटै प्रदेश कार्यालयहरु साथै बैंकको केन्द्रीय कार्यालयबाट मिति २०८२ साल जेष्ठ १० गते वित्तीय साक्षरता सहितको प्रभातफेरी कार्यक्रम सम्पन्न भएको छ । बैंकको केन्द्रिय कार्यालयबाट आयोजना गरिएको वित्तीय साक्षरता सहितको प्रभातफेरी कार्यक्रममा बैंकका संचालक समिति सदस्यहरु, बैंकका उच्च पदस्थ कर्मचारीहरु, केन्द्रीय कार्यालय तथा काठमाण्डौं उपत्यकामा रहेका शाखा कार्यालयहरुमा रहेका कर्मचारीहरु गरी करिब ३०० जनाको उपस्थिति रहेको थियो । काठमाण्डौं बाहिर सम्बन्धित प्रदेश कार्यालहरुले उक्त कार्यक्रम सम्पन्न गर्न समन्वय गरेका थिए ।







बैंकको केन्द्रिय कार्यालयले आयोजना गरेको वित्तीय साक्षरता सहितको प्रभातफेरी कार्यक्रमको केही झलकहरु

### ६. महिला उद्यमीहरुलाई देशै भरीका विभिन्न शाखा कार्यालयहरु मार्फत विभिन्न कार्यक्रमहरु गरी सम्मान

महालक्ष्मी विकास बैंकले मिति २०८२/०२/०७ गते ३१ औं वर्षमा प्रवेश गरेको अवसरमा मिति २०८२/०२/०४ गते देखी २०८२/०२/१० गते सम्म महिनाब्यापी रुपमा वार्षिक उत्सव मनाउने क्रममा मिति २०८२/०२/११ गते ३१ जना महिला उद्यमीहरुलाई देशै भरीका विभिन्न शाखा कार्यालयहरु मार्फत विभिन्न कार्यक्रमहरु गरी सम्मान गरेको छ ।

वित्तीय पहुँच, आर्थिक विकास, सामाजिक प्रगति तथा लैंगिक समानताको मुल प्रवाहमा ल्याउने उद्धेश्य सहित उक्त सम्मान गरिएको हो । यस कार्यबाट उद्यमशिलतालाई समेत प्रबर्द्धन गर्न सहयोग पुग्ने विश्वास लिईएको छ ।



महिला उद्यमीहरुलाई गरिएको सम्मान कार्यक्रमको केही झलकहरु

# महालक्ष्मी विकास बैंकद्वारा "महालक्ष्मी टोष्टमास्टर क्लब" को औपचारिक सुरुवात

महालक्ष्मी विकास बैंकले मिति २०८२/०२/२६ मा आयोजित एक विशेष कार्यक्रममा महालक्ष्मी टोष्टमास्टर क्लबको औपचारिक सुरुवात गरेको छ । टोस्टमास्टर इन्टरनेशनल द्वारा मान्यता प्राप्त यो क्लब मार्फत बैकका कर्मचारीहरुमा नेतृत्व क्षमता, सार्वजनिक वक्तृत्व कला, आत्मविश्वास तथा संचार कौशल अभिवृद्धिमा सहयोग पुऱ्याउने लक्ष्य सहित गठन गरिएको हो। विकास बैंकहरुमा टोस्टमास्टर क्लबको औपचारिक सुरुवात गर्नेमा महालक्ष्मी विकास बैंक पहिलो विकास बैंक बनेको छ।




# महालक्ष्मी विकास बैंकद्वारा पुर्ण डिजिटल भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा

महालक्ष्मी विकास बैंकले ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको नीति बमोजिम फोन पे सँगको साझेदारीमा पुर्ण डिजिटल भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ।

यस अन्तर्गत ग्राहकहरुले यस बैंकको मोबाइल बैंकिङ्ग एप महालक्ष्मी स्मार्ट साथी भित्र महालक्ष्मी फोन पे क्रेडिट कार्डमा गई कुनै पनि स्थानबाट सुरक्षित र सुविधाजनक तरिकाले फोन पे क्यूआर मर्चेन्ट मार्फत भुक्तानी गर्न तथा अनलाइन मार्फत गरिने किनमेलको भुक्तानी गर्न सक्नेछन्। भौतिक क्रेडिट कार्डमा रहेको ४५ दिनसम्मको ब्याज रहित अवधी तथा लचिलो किस्ताबन्दी सुविधा यस भर्चुअल क्रेडिट कार्डमा समेत हुनेछ। यो सेवा अन्तर्गत हाल प्रचलनमा रहेको भौतिक क्रेडिट कार्डको आवश्यकता नपर्ने भएकोले कार्ड बोकेर हिड्नुपर्ने झन्झटको अन्त्य हुनेछ। सेवाको थालनी सँगै बैंकले भर्चुअल क्रेडिट कार्ड प्रयोग गर्ने ग्राहकहरुलाई रु. ५०० सम्मको विशेष नगद फिर्ता (क्यासब्याक) को अफर समेत ल्याएकोले ग्राहकहरुलाई अझ फाइदाजनक हुनेछ।




डिजिटल नवप्रर्वद्धनको क्षेत्रमा नेपालमा रहेको विकास बैंकहरुमा अग्रणी स्थानमा रहेको महालक्ष्मी विकास बैंक यो सेवाको सुरुवात गर्ने बैंकमा पहिलो विकास बैंक बनेको छ। यो सुविधा थप गरेसँगै बैंकको आफ्नो डिजिटल बैंकिङ्ग सेवा थप ग्राहकमैत्री तथा प्रविधि केन्द्रित हुने विश्वास बैंकले लिएको छ।

# महालक्ष्मी विकास बैंकद्वारा स्क्यान टु क्यास (Scan2Cash) सेवा सुरु, डिजिटल भुक्तानी सेवामा थप विस्तार

ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराइरहेको महालक्ष्मी विकास बैंकले फोन पे (Fonepay) को सहकार्यमा नविनतम अन्तर बैंक स्क्यान टु क्यास (Scan2Cash) सेवाको सुरुवात गरेको छ। नेपालमा यस्तो सेवा सुरु गर्ने पहिलो विकास बैंकको रुपमा महालक्ष्मी विकास बैंक बने को छ।

यस अन्तर्गत ग्राहकहरुले कुनै पनि बैंकको मोबाइल बैकिङ्ग एप मार्फत टेलर काउन्टरमा क्यूआर स्क्यान गरेर सजिलै नगद झिक्न सक्नेछन् । प्रारम्भिक चरणमा यस बैंकको दरबारमार्ग शाखा र थापाथली शाखाबाट सुरु गरिएको यो सेवा निकट भविष्यमा देशभर विस्तार गरिनेछ। यस सुविधाको विस्तार सँगै परम्परागत रुपमा चेक वा ऐटिएम कार्डको प्रयोग मार्फत नगद झिक्न पर्ने बाध्यतालाई कम गर्न मद्दत पुग्ने विश्वास बैंकले लिएको छ।

डिजिटल नवप्रवर्तन प्रतिको आफ्नो प्रतिबद्धतालाई थप मुजबुत बनाउँदै बैंकले नेपाल क्लियरिङ्ग हाउस लिमिटेडको सहकार्यमा अलि पे प्लस (Alipay +) नेटवर्क मार्फत क्रस बोर्डर क्यूआर भुक्तानी सेवा समेत यस अघि सुरु गरिसकेको छ। यस सेवामार्फत चीन, सिंगापुर, दक्षिण कोरिया लगायतका मुलुकबाट आएका पर्यटकहरुले नेपाल पे क्यूआर (NEPALPAY QR) स्क्यान गरी आफ्नो देशको डिजिटल वालेटबाट नेपालमा सहज रुपमा भुक्तानी गर्न सक्नेछन्।




# महालक्ष्मी विकास बैंकद्वारा क्रेडिट कार्ड भुक्तानीमा मासिक किस्ता (EMI) सुविधाको शुभारम्भ

ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराईरहेको महालक्ष्मी विकास बैंकले ग्राहकहरुको वित्तिय आवाश्यकतालाई थप सहजीकरण गर्न आफ्ना क्रेडिट कार्ड ग्राहकहरुलाई मासिक किस्तामा (Equal Monthly Installment) आधारित भुक्तानी सुविधाको सुरुवात गरेको छ।

“Buy What You Love, Pay How You Like” भन्ने योजनामा ग्राहकहरुले महालक्ष्मी क्रेडिट कार्ड मार्फत आफुले खरिद गरेको सेवा वा वस्तुको मुल्यको भुक्तानी ३ महिना देखी १२ महिना सम्मको लचिलो अवधी रहने गरी मासिक रुपमा भुक्तान गर्न मिल्ने गरी रुपान्तरण गर्न सक्नेछन्। नेपाल, भारत वा भुटान भित्र जुनसुकै स्थानबाट जुनसुकै बिक्रेता, सप्लायर्स वा डिलरहरुबाट सेवा वा वस्तु खरिद गर्दा ग्राहकहरुले मासिक किस्ता मार्फत भुक्तानी गर्न सक्नेछन् । ग्राहकले आफुले खरिद गरेको बिल पेश गरे पश्चात महालक्ष्मी विकास बैंकले सहज रुपमा नै सो कारोबारलाई मासिक किस्तामा परिवर्तन गरिदिनेछ र यसरी यस योजना अन्तर्गत मासिक किस्तामा परिवर्तन गर्दा बैंकले EMI Processing शुल्क लिनेछैन।



# Training Details Third Quarter Fiscal Year 2081-82

| SN | Training Program Title | Date(From) | Date(To) | Participants |
|---|---|---|---|---|
| 1. | Cyber Security in Digital Banking Protecting against Cyber Threats | 2082/01/13 | 2082/01/13 | 3 |
| 2. | Emotional Intelligence & Behavioural Analysis | 2082/01/06 | 2082/01/06 | 60 |
| 3. | Branding & Negotiation Skills | 2082/01/12 | 2082/01/12 | 5 |
| 4. | First Aid, Fire Safety & Evacuation Drill | 2082/01/13 | 2082/01/13 | 31 |
| 5. | Levaraging Fintech & Define Success Criteria | 2082/01/11 | 2082/01/12 | 48 |
| 6. | Leadership & Vision Alignment & Customer Service Experience | 2082/01/05 | 2082/01/06 | 46 |
| 7. | Enhancing Branch Profitability | 2082/01/17 | 2082/01/18 | 1 |
| 8. | AML/CFT & Compliance and Operation Risk Management | 2082/01/13 | 2082/01/13 | 31 |
| 9. | AML/CFT & Compliance and Operation Risk Management | 2082/01/19 | 2082/01/20 | 131 |
| 10. | Comprehensive Course on Credit Management | 2082/01/19 | 2082/01/20 | 25 |
| 11. | An Aspirant Nepal: How to be Benefited with Economic Reforms | 2082/01/26 | 2082/01/26 | 4 |
| 12. | Challenges & Winning Approach to Collection & Recovery | 2082/02/03 | 2082/02/03 | 57 |
| 13. | Leadership & Vision Alignment & Customer Service Experience | 2082/01/19 | 2082/01/20 | 54 |
| 14. | Nepal Fintech Festivals | 2082/01/25 | 2082/01/25 | 7 |
| 15. | Orientation of Mahalaxmi Toastmaster Club | 2082/02/16 | 2082/02/16 | 30 |
| 16. | Orientation of Mahalaxmi Toastmaster Club | 2082/02/04 | 2082/02/18 | 31 |
| 17. | Customer Service, Sales Excellence & AML/CFT Compliance | 2082/02/23 | 2082/02/23 | 3 |
| 18. | Customer Service, Sales Excellence & AML/CFT Compliance | 2082/02/17 | 2082/02/17 | 2 |
| 19. | Credit Risk Management | 2082/02/30 | 2082/02/31 | 3 |
| 20. | Effective Credit Monitoring and Recovery | 2082/01/16 | 2082/01/17 | 1 |
| 21. | AI & Data Analytics in Banking | 2082/03/01 | 2082/03/01 | 2 |
| 22. | Generative AI for Innovation in the Remittance Business and Operation Efficiency | 2082/03/06 | 2082/03/06 | 2 |
| 23. | First demo meet of Mahalaxmi Toastmasters Club | 2082/03/06 | 2082/03/06 | 32 |





२०८२/०१/११ देखी २०८२/०१/१२ मा "Leveraging Fintech & Define Success Criteria" शिर्षक अन्तर्गत काठमाण्डौंमा आयोजित तालिम कार्यक्रम



२०८२/०१/१९ देखी २०८२/०१/२० सम्म काठमाण्डौंमा आयोजित "AML/CFT & Compliance and Operation Risk Management" शिर्षक अन्तर्गत आयोजित तालिम कार्यक्रम

# मासिक बचत खाता खोल्न दिइएको लक्ष्य प्राप्त गर्ने शाखाहरु

| चौथो त्रैमास आर्थिक वर्ष २०८१/८२ | | | | | |
|---|---|---|---|---|---|
| बैशाख २०८२ | | जेष्ठ २०८२ | | आषाढ २०८२ | |
| श्रीपुर विरगंज | मार्तडी बाजुरा | अमरपथ | बौनिँया | धकधही | हेटौडा |
| मनिग्राम | शिशुवा | पाटन बैतडी | हेटौडा | घोराही | विचबजार धादिङ्ग |
| इटहरी | | भैरहवा | गंगबु | ठुटीपिपल | लम्की |
| मसुरिया | | राजापुर | लमही | पर्सौनी | अमरपथ |
| ठुटीपिपल | | पकडी | अत्तरिया | पाटन बैतडी | पिपल्ला |
| माहिलवार | | श्रीपुर विरगंज | लालबन्दी | परासी | भैरहवा |
| मंगलसेन | | मार्तडी बाजुरा | विजयपुर पोखरा | मंगलसेन | |
| विराटनगर | | मसुरिया | शिशुवा | साँफेबगर | |
| सुर्यपुरा | | मनिग्राम | माहिलवार | मसुरिया | |
| राजापुर | | पर्सौनी | ठुटीपिपल | सुर्खेत | |
| बेथरी | | धकधही | मनहरी | मनिग्राम | |
| परासी | | बेथरी | पालुङ्ग | सतुगंल | |
| विजयपुर | | चन्द्रनिगापुर | परासी | श्रीपुर विरगंज | |
| धकदही | | विराटनगर | | पालुङ्ग | |
| भैरहवा | | सुर्खेत | | माहिलवार | |
| हेटौडा | | विचबजार धादिङ्ग | | बेथरी | |



# मासिक कर्जा लक्ष्य प्राप्त गर्ने शाखा कार्यालयहरु

| चौथो त्रैमास आर्थिक वर्ष २०८१/३२ | | |
|---|---|---|
| बैशाख २०८२ | जेष्ठ २०८२ | आषाढ २०८२ |
| दरबारमार्ग | बर्दिवास | बर्दिवास |
| गंगबु | गंगबु | सतुंगल |
| कालिमाटी | कालिमाटी | दरबारमार्ग |
| डल्लु | डल्लु | कालिमाटी |
| भाटभाटेनी | भाटभाटेनी | विराटनगर |
| | | लाहान |
| | | ठुटीपिपल |
| | | कोटेश्वर |
| | | भम्सीखेल |
| | | भाटभाटेनी |
| | | गंगबु |



# विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यत्रमहरु सम्पन्न

महालक्ष्मी विकास बैंक लि. ले स्थापनाकालदेखि नै विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत आफ्ना शाखाहरु मार्फत विभिन्न कार्यहरु गर्दै आएको छ। देशैभरी फैलिएका यस महालक्ष्मी विकास बैंक लि. का विभिन्न शाखाहरुमार्फत अनवरत रुपमा शिक्षा, स्वास्थ्य, वातावरणीय सरसफाई जस्ता प्रमुख क्षेत्रहरुमा उल्लेखनीय योगदान दिने कार्यलाई निरन्तरता दिदैं आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासमा निम्न बमोजिमका सामाजिक हितका कार्यहरु गरिएको छ।

१. बैंकको मार्तडी-बाजुरा शाखाद्धारा बाजुरा स्थीत श्री लक्ष्मी माध्यामिक विद्यालयमा अध्ययनरत आर्थिक स्थिति कमजोर भएका तथा पढाईमा अब्बल रहेका विधार्थीहरुलाई अध्ययनलाई सहज होस भन्ने हेतुका साथ एक कार्यत्रमका बीच स्कुल ब्याग वितरण गरेको छ।

२. पाटन नगरपालिका-०१ मेल्चौरा बैतडी स्थित श्री सिद्धेश्वर माध्यामिक विद्यालयलाई यस बैंकको पाटन-बैतडी शाखा द्धारा शौचालय निर्माणको लागि आर्थिक सहयोग गरेको छ। ८०० विधार्थी र ३० जना कर्मचारी रहेका उक्त विद्यालयमा शौचालयको आवश्यकता रहेको तथा सम्भावित सरुवा रोगहरुबाट बच्न सहयोग पुगोस भन्ने हेतुले आर्थिक सहयोग गरिएको हो।

३. बैंकको महेन्द्रनगर शाखाले कञ्चनपुर स्थित श्री बैजनाथ धाम तथा बृद्धाश्रम सेवा समितिलाई खाद्यान्न सामाग्री प्रदान गरेको छ। साथै काठमाण्डौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं.४ क्वाँटोल, चण्डेश्वरी स्थित श्री मदन आश्रित आदर्श माध्यामिक विद्यालयमा अध्ययनरत ११ जना विद्यार्थीहरुका लागि राउण्ड टेबल नेपालको सहकार्यमा शैक्षिक सत्र २०८२ को लागि छात्रवृति वितरण कार्यक्रम सम्पन्न गरेको छ।

४. प्रहरी वृत मालीगाउँ काठमाण्डौंलाई संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रहरी वृत मालीगाँउ, काठमाण्डौंलाई स्थलगत रुपमा खटिने प्रहरीहरुलाई सहज होस भन्ने उद्धेश्यका साथ खानेपानी वितरण गरेको छ।

५. रोटरी क्लब अफ वीरगंजको सहकार्यमा १० थान कृत्रिम खुट्टा तथा १० थान कृत्रिम हात वितरण गर्न आर्थिक सहयोग गरिएकोछ भने रोटरी क्लब अफ गैंडाकोटको सहकार्यमा श्री नवदुर्गा आधारभुत विद्यालयमा शौचालय निर्माणको लागि आर्थिक सहयोग गरिएको छ।

६.सिलगढी नगरपालिका-०२, खातिवडा, डोटी स्थित देवी माध्यामिक विद्यालयलाई यस बैंकको पिपल्ला शाखा द्धारा विद्यालयलाई आवश्यक टेबल, फर्निचर र र्‍याक हस्तान्तरण गरेको छ।

७. यस बैंकको हाकिम चोक शाखाले भरतपुर महानगरपालिका अन्तरर्गत वडा नं १२ को कार्यालयलाई ५० थान डस्टबीन प्रदान गरेको छ।

८. यस बैंकको कलैया शाखाले गर्मीको समयमा उच्च तापक्रमको कारणले हुन सक्ने असजिलो कम गर्न निःशुल्क सर्वत पानी वितरण गरेको छ।

९. गोदावरी न.पा. वडा नं २, अत्तरीया स्थित श्री सु.प. समावेशी आधारभुत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पठनपाठनको लागी यस बैंकको अत्तरीया शाखाले शैक्षिक सामाग्री वितरण गरेको छ।
















# महालक्ष्मी घर–दैलो कार्यक्रम सम्पन्न

बैंकका १०३ वटै शाखाहरु मार्फत हरेक महिना कम्तिमा पनि एउटा घर-दैलो कार्यक्रम सञ्चालन हुँदै आईरहेको छ। आर्थिक बर्ष २०८१/८२ को चौथो त्रैमासमा विभिन्न शाखाहरु मार्फत सम्पन्न भएका घर-दैलो कार्यक्रमहरुका केही झलकहरुः





बैंकको शाखा कार्यालयहरु बौनिया, लालबन्दी र टिकापुर शाखाले आयोजना गरेको घरदैलो कार्यक्रमका केही झलकहरु

# ग्राहकहरुलाई विभिन्न संस्थाका सेवाहरुमा विशेष छुट

महालक्ष्मी विकास बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले विभिन्न संस्थाहरुका विभिन्न सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्छन्। उक्त संस्थाहरु र प्राप्त गर्न सकिने छुट निम्नलिखित छन्ः

| | संस्थाको नाम | ठेगाना | विवरण | छुट |
|---|---|---|---|---|
| १ | केक सेवा प्रा.लि. | बागबजार, काठमाण्डौं | अतिरिक्त टपिङ्ग, चिज केक, किटक्याट केक र फ्लोरिडा केक बाहेकका सबै केकहरुमा | १० प्रतिशत |
| २ | शिशुवा पोलि क्लिनिक प्रा.लि. | पोखरा-३०, शिशुवा | ओ.पि.डि टिकट, ल्याब सेवा तथा एक्स रे | १० प्रतिशत |

# आजको बचत
# भोलिको खुशी !




**Published by Mahalaxmi Bikas Bank**

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
सबल बैंक सफल सहकार्य

2nd Floor Annapurna Arcade II
Durbarmarg, Kathmandu, Nepal
Phone No.: +977-01-5368719, 5368720
Toll Free No.: 16600115015
Email: info@mahalaxmibank.com.np
Website: www.mahalaxmibank.com